श्री

# उच्च अदालत बिराटनगर इलाम

## इलाम इजलास इलाम

पत्र संख्या-
चलानी नं.-
प्राप्त प.स.र मिति

मितिः-२०७८।०२।११
मिति : २०७८/०२/११

सूचना! सूचना!! सूचना

हाल बिश्वभर नोवल कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्टको संक्रमण बढिरहेको र नेपालमा पनि तिब्र गतिमा यसको प्रभाव फैलिरहेको सन्दर्भलाई ध्यानमा राखी सोको जोखिम नियन्त्रण र रोकथामको लागि सरकारी कार्यालयहरूबाट प्रवाह हुने सेवाहरू पनि आवश्यकता अनुसार संकुचन गर्न नेपाल सरकारबाट मिति २०७८।०१।०६ मा आदेश जारी भएको र सर्बोच्च अदालतबाट मिति २०७८।०१।१४ मा जारी प्रेस बिज्ञप्ति अनुसार मिति २०७८।०२।१२ गतेसम्म यस अदालतबाट प्रबाह हुने सेवाहरूलाई संकुचन गरिएकोमा जिल्ला प्रशासन कार्यालय इलामले इलाम जिल्ला भरी लागू हुने गरी मिति २०७८।०२।२२ गतेसम्म निषेधाज्ञा जारी गर्ने भनी मिति २०७८।०२।११ गते निर्णय गरी सूचना प्रकाशित गरेको हुँदा यस अदालतबाट प्रवाह हुने सेवाहरू समेत मिति २०७८।०२।२२ गतेसम्म देहाय बमोजिमको कामकारबाहीहरू मात्र हुने वेहोरा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

निर्णयहरूः-

१. देहाय बमोजिमको काम कारबाही र सेवाहरू यथावत सुचारू रहनेः-
   क। बन्दी प्रत्यक्षीकरणको निवेदनको दर्ता र सुनुवाई
   ख। पक्राउ पुर्जी जारी, जरूरी पक्राउ पुर्जी स्वीकृति र म्याद थप
   ग। अभियोगपत्र दर्ता र थुनछेकको कारबाही
   घ। कोभिड -१९ संग सम्बन्धित रिट निवेदनको दर्ता र सुनुवाई
२. माथि उल्लेख गरिएदेखि बाहेकका यस अदालतबाट प्रवाह हुने अन्य कामकारबाही र सेवाहरू स्थगन हुने
३. काम कारबाही र सेवा स्थगन भएको अवधिमा पर्ने हदम्याद, म्याद र तारेख नगुज्रने
४. सेवा स्थगन भएको अवधिमा सञ्चालनमा रहने सेवाको लागि अवश्यक पर्ने संख्यामा मात्र न्यायाधीश र कर्मचारीहरू अदालतमा उपलब्ध हुने गरी आलोपालो प्रणाली अपनाई भिडभाडलाई नियन्त्रण गर्ने।

रजिष्ट्रार
२०७८।०२।११